नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय



## प्रेस विज्ञप्ति

मिति: २०७९।०५।०९

नेपाल-बंगलादेशबीच ऊर्जा क्षेत्रमा आपसी सहयोग सम्बन्धी १० अगष्ट २०१८ (तद्नुसार २५ साउन २०७५) मा सम्पन्न समझदारी पत्रको दफा ४ अनुसार स्थापित सहसचिवस्तरीय संयुक्त कार्य समूह (Joint Working Group) को चौथौं बैठक २०७९ साल भाद्र ८ गते र सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee) को चौथौं बैठक २०७९ साल भाद्र ९ गते सम्पन्न भयो । संयुक्त निर्देशक समितिको बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सुशिल चन्द्र तिवारी तथा वंगलादेश सरकारको पावर, इनर्जी एण्ड मिनरल रिसोर्सेजका सचिव श्री मोहमद हविवुर रहमानको सह-अध्यक्षतामा भयो । उक्त वैठकले नेपाल र वंगलादेशवीच विद्युत व्यापार, नेपालको जलविद्युत विकासमा वंगलादेशको सरकारी तथा निजी लगानी, नेपाल र वंगलादेश बीच अन्तर्देशीय विद्युत प्रसारण लाइन, माथिल्लो कर्णाली जलविद्युत आयोजनाबाट वंगलादेशले आयात गर्ने ५०० मेगावाट विद्युतको खरिद तथा नेपाल र वंगलादेशबीच नवीकरणीय ऊर्जाको क्षेत्रमा सहयोग आदानप्रदान गर्ने लगायतका विषयहरुमा संयुक्त कार्य समूहको वैठकले गरेका सिफारिसहरुलाई छलफल गरी देहाय अनुसारको सहमति भएको छ ।

१. वंगलादेशको भेरामारामा अवस्थित एचभीडीसी (हाइ भोल्टेज डाइरेक्ट करेन्ट) संरचनाको वाँकी रहेको क्षमता उपयोग गरी नेपालबाट वंगलादेशमा प्रारम्भिक चरणमा ४०-५० मेगावाटसम्मको विद्युत् निर्यात गर्न सकिने देखिएकोले नेपाल विद्युत प्राधिकरण (NEA), वंगलादेश पावर डेभलपमेन्ट वोर्ड (BPDB) र एनटीपीसी विद्युत व्यापार निगम लिमिटेड (NVVN) वीच त्रिपक्षीय विद्युत खरिद विक्री सम्झौता हुन NEA र BPDB ले NVVN लाई अनुरोध गर्ने ।

२. जलविद्युत क्षेत्रमा सहकार्य गर्न प्रस्तावित सुनकोशी-३ जलविद्युत आयोजना (६८३ मेगावाट) को विकासका सम्वन्धमा वातावरणीय अध्ययन प्रतिवेदन समेत यथाशीघ्र वंगलादेशी पक्षलाई उपलव्ध गराउने र अध्ययन प्रतिवेदनहरुमा वंगलादेश पक्षले छिट्टै आफ्नो धारणा दिने एवम् आयोजना विकासका लागि संयुक्त उपक्रम गठन गर्ने प्रक्रिया अघि वढाउने ।

३. नेपाल-वंगलादेश डेडिकेटेड विद्युत प्रसारण लाइन निर्माण गर्न वंगलादेश, भारत र नेपालबीच त्रिपक्षीय समझदारीका लागि दुवै पक्षले पहल गर्ने ।

४. Solar Home System लगायत नवीकरणीय ऊर्जाको क्षेत्रमा सहकार्यको लागि नेपालको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) र वंगलादेशको Sustainable and Renewable Energy Development Authority (SREDA) वीच समझदारीको मस्यौदा SREDA ले एक महिनाभित्र AEPC लाई उपलव्ध गराउने ।

५. वंगलादेश पावर म्यानेजमेन्ट इन्स्टिच्यूट (BPMI) ले दिने तालिम र जलविद्युत आयोजनाहरूमा नेपालले हासिल गरेको अनुभव आदानप्रदान कार्यक्रम लगायत द्विपक्षीय क्षमता अभिवृद्धिका लागि भावी कार्यदिशा तयार गर्न नेपाल-वंगलादेश संयुक्त प्राविधिक टोलीलाई जिम्मा दिने ।

साथै, वंगलादेश पक्षवाट BPDB, NVVN र GMR कर्णाली जलविद्युत कम्पनी लिमिटेड बीच आगामी सेप्टेम्वर महिनाभित्र ५०० मेगावाट क्षमताको विद्युत विक्री सम्झौता (PSA) सम्पन्न हुने जानकारी गराइएको ।

(मधु प्रसाद भेटुवाल)
प्रवक्ता एवम् सहसचिव